# बहुभाषिक कक्षामा भाषिक परीक्षण तथा मूल्याङ्कन

**गणेशबहादुर बोहरा**[1*]
[1]शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
*Corresponding Author: gbbohara015@gmail.com
Citation: बोहरा, गणेशबहादुर (२०७८), बहुभाषिक कक्षामा भाषिक परीक्षण तथा मूल्याङ्कन, *AMC Multidisciplinary Research Journal*, *3*, (1), 46-52.

---

***लेखसार***
*प्रस्तुत लेख बहुभाषिक कक्षामा भाषिक परीक्षण र मूल्याङ्कनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरामा केन्द्रित रहेको छ । दुईभन्दा बढी भाषा बोल्ने विद्यार्थीको उपस्थिति भएको कक्षाकोठा बहुभाषिक कक्षा हो । बहुभाषाको प्रयोगले शिक्षण सिकाइमा सहजता हुनुका साथै सिकारुको सिकाइ दर पनि बढ्ने हुनाले वर्तमान समयमा बहुभाषी शिक्षणको प्रचलन बढ्दै गएको पाइन्छ । बहुभाषिक कक्षामा भाषिक परीक्षण तथा मूल्याङ्कन सम्पन्न गर्नका लागि पाठ्यक्रमका उद्देश्य, परीक्षणीय विषय, भाषिक सिपको छनोट, भाषिक एकनिष्ठता, योजनाबद्ध परीक्षण, विश्वसनीयता र वैधता आदि कुरामा ध्यान दिनुपर्ने हुन्छ । बहुभाषिक कक्षामा परीक्षण तथा मूल्याङ्कन सम्पन्न गर्नका लागि लिखित, मौखिक, अवलोकन तथा प्रयोगात्मक आदि धेरै युक्तिहरूको प्रयोग गर्नु आवश्यक हुन्छ । बहुभाषिक कक्षामा शिक्षकले परीक्षण र मूल्याङ्कनलाई व्यवस्थित बनाउन विद्यार्थीका कक्षाकार्य, गृहकार्य, परीक्षा, उत्तरपुस्तिका आदिलाई समेटी पोर्टफोलियो निर्माण गर्ने र त्यसलाई भाषा सिकाइका क्रममा उपयोग गर्ने कार्य गर्नुपर्दछ । त्यस्तै परीक्षणमा कमजोर देखिएका विद्यार्थीलाई निराकरणमूलक, प्रोत्साहनमूलक र सवलीकरणयुक्त कार्यहरू गरेर पुनः परीक्षणका लागि तयार गर्ने, निरन्तर प्रेरणा, हौसला, मार्गदर्शन र परामर्श सेवा प्रदान गर्ने आदि कार्य गरी वहुभाषिक कक्षाका विद्यार्थीहरूको उपलब्धि स्तर बढाउन सकिने देखिन्छ ।*
**मुख्य शब्दावली :** भाषिक परीक्षण, परीक्षणका सिद्धान्त, मूल्याङ्कनका उपाय तथा साधन, निराकरणात्मक शिक्षण ।

---

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख बहुभाषिक कक्षामा भाषिक परीक्षण तथा मूल्याङ्कनको सैद्धान्तिक चर्चामा केन्द्रित रहेको छ । यस लेखमा मूलतः बहुभाषिक कक्षाको परिचय र आवश्यकता भाषिक परीक्षण तथा मूल्याङ्कनको परिचय तथा प्रयोजन, परीक्षण र मूल्याङ्कनका सिद्धान्तहरू, भाषिक परीक्षणका उपाय र साधनहरू तथा परीक्षण प्रक्रिया र शिक्षकको भूमिका आदिका बारेमा स्पष्ट पार्ने प्रयास गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखलाई गुणात्मक ढाँचामा संरचित गरिएको छ । खासगरी बहुभाषिक कक्षाको अवधारणा, यसको आवश्यकता, भाषिक परीक्षण तथा मूल्याङ्कनको परिचय र प्रयोजन, यसका सिद्धान्तहरू, भाषिक परीक्षण तथा मूल्याङ्कनका उपाय र साधनहरू आदि पहिल्याउनका लागि सैद्धान्तिक किसिमका पुस्तक र लेखहरूलाई आधार बनाइएको छ । त्यस्तै बहुभाषिक परीक्षण तथा मूल्याङ्कनको प्रक्रिया तथा यसमा शिक्षकको भूमिका पहिल्याउन अध्येताको निजी दृष्टिकोण, सहपाठीहरूसँगको छलफल तथा सम्बन्धित विषय विज्ञको सुझावलाई आधार बनाइएको छ । प्रस्तुत लेख निर्माणका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालय प्रक्रियाअन्तर्गत सन्दर्भ कृतिका सहायताले गरिएको छ भने तिनको सङ्गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ ।

## बहुभाषिक कक्षाको परिचय र आवश्यकता

दुईभन्दा बढी भाषा बोल्ने विद्यार्थीको उपस्थिति भएको कक्षाकोठा बहुभाषिक कक्षा हो । मातृभाषा, समाजको भाषा र विद्यालयको भाषा अलग-अलग भएमा विद्यार्थीहरू स्वतः बहुभाषिक बन्दछन् । बहुभाषी समाजमा एकभन्दा बढी भाषाहरू प्रयोग प्रचलनमा आउने भएका हुनाले त्यस्तो समाजका कक्षाकोठाहरू पनि स्वभावतः बहुभाषिक नै हुने गर्दछन् । यिनै विविध भाषाभाषी समुदायका भाषाहरू र अल्पसङ्ख्यकको भाषाको विकासका लागि बहुभाषिक शिक्षाको धारणा अघि सारिएको हो (ढकाल र खतिवडा, २०७३) । बहुभाषाको प्रयोगले शिक्षण सिकाइमा सहजता हुनुका साथै

सिकारुको सिकाइ दर पनि बढ्ने हुनाले वर्तमान समयमा बहुभाषी शिक्षणको प्रचलन बढ्दै गएको पाइन्छ । बहुभाषिक समाजको आवश्यकता र विविधतालाई सम्बोधन गर्न पनि बहुभाषिक कक्षा सञ्चालन गर्न आवश्यक हुन्छ । पटनायक (सन् १९७७)ले चर्चा गरेका द्विभाषिक शिक्षाका आवश्यकतालाई शर्मा र पौडेल (२०६७) ले यसरी प्रस्तुत गरेका छन् :

- कक्षा दोहोयाउने वा कक्षा छोड्ने दर कम गर्न
- मातृभाषामा सिकेका ज्ञान, सिप, अनुभवलाई दोस्रो भाषामा स्थानान्तरण गर्न
- भिन्न भिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीबीचमा आपसी सद्भाव बढाउन
- बालबालिकाको सामाजिकीकरण प्रक्रियालाई गतिशील बनाउन
- संज्ञानात्मक क्षमता विकास गर्न
- मातृभाषी विद्यालय खोल्दा हुने आर्थिक व्ययभारलाई कम गर्न

यसरी बहुभाषाका माध्यमले शिक्षण गर्दा सिकारुमा अपनत्वको भावना जागृत हुन्छ । उनीहरूले आफ्नो पहिलो भाषा अर्थात् मातृभाषामा पनि शिक्षण हुने भएकाले विद्यालय र घरको वातावरण समान पाउँछन् । जसले गर्दा विद्यार्थीहरू कक्षामा बस्न रुचाउँछन्, शिक्षण सिकाइमा सक्रिय भएर लाग्न सक्दछन् र कक्षा छोड्ने वा दोहोयाउने दरमा कमी आउँछ । उनीहरूले मातृभाषामा सिकेका ज्ञान, सिप र अनुभवलाई दोस्रो भाषामा पनि स्थानान्तरण गर्ने अवसर पाउँछन् । जसले गर्दा उनीहरूमा आपसी सद्भाव बढ्छ, एक आपसमा अन्तर्क्रियाको दरमा बढोत्तरी हुन्छ । उनीहरूले एक-आपसका सिकेका भाषा सिकाइका अनुभवहरू पनि साटासाट गर्ने अवसर पाउँछन् । जसले गर्दा एकातिर उनीहरूको सामाजिकीकरण प्रक्रियामा वृद्धि हुन्छ भने अर्कोतिर उनीहरू आफ्नो घरको भन्दा भिन्न भाषिक वातावरणमा पनि सजिलैसँग समायोजन हुन सक्छन् । त्यति मात्र नभएर एकभन्दा बढी भाषा जान्ने विद्यार्थीको संज्ञानात्मक क्षमता पनि एक भाषिक विद्यार्थीको भन्दा बढी हुने निष्कर्ष अध्ययनबाट पत्ता लागेको छ । त्यसबाहेक हरेक भाषाका अलग अलग मातृभाषी विद्यालय खोल्दा हुने आर्थिक व्ययलाई पनि बहुभाषिक शिक्षाका माध्यमबाट कम गर्न सकिन्छ । यसरी हेर्दा बहुभाषिक कक्षाको व्यवस्थापन र उपयुक्त शिक्षण प्रविधिको विकास नेपाल जस्ता बहुभाषिक मुलुकका लागि अनिवार्य आवश्यकता बनेको देखिन्छ ।

**परीक्षण र मूल्याङ्कनको अवधारणा तथा प्रयोजन**

कक्षाभित्र वा बाहिर शिक्षक विद्यार्थीले गरेका सम्पूर्ण क्रियाकलापद्वारा विद्यार्थीको व्यवहारमा के, कति र कुन हदसम्म अपेक्षित परिवर्तन आयो वा आएन भनेर जान्नका लागि अपनाइने उपायलाई परीक्षण तथा मूल्याङ्कन भनिन्छ ।
शिक्षण तथा सिकाइबाट अपेक्षित उद्देश्य पूरा भए/नभएको लेखाजोखा गर्न अपनाइने उपायलाई पनि मूल्याङ्कन भन्न सकिन्छ । यस्तै उद्देश्यको परिपूर्ति भए नभएको, शैक्षिक सामग्रीको प्रभावकारिता रहे नरहेको, शिक्षण तथा सिकाइ उद्देश्यमूलक भए नभएको र मूल्याङ्कनका उपायको उपयुक्त प्रयोग हुन सके नसकेको समेत जानकारी लिन मूल्याङ्कन उपयोगी माध्यम हुन्छ (खनाल र अन्य, २०७५) । पाठ्यक्रम र पाठ्यपुस्तकको संशोधन र परिमार्जनका निमित्त पनि मल्याङकनका विविध उपायहरू अपनाउन सकिन्छ । भाषा शिक्षणको मूल ध्येय भाषिक सिपहरूको प्राप्ति हो । यसमा विषयवस्तु, सिप र ज्ञान गर्ने माध्यम मात्र हुन्छ । त्यसकारण विद्यार्थीको बोध (सुनाइ र बोलाइ) र अभिव्यक्ति (बोलाइ र लेखाइ) क्षमताको वस्तुपरक लेखाजोखा गरी निर्माणात्मक र निर्णयात्मक पहल गर्न मूल्याङ्कनका विविध उपायहरू अपनाउने गरिन्छ । भाषिक सिपहरूको विकास गर्न भाषा शिक्षणमा मूल्याङ्कनलाई निरन्तर प्रक्रियाका रूपमा लिइन्छ । विद्यार्थीको पृष्ठभूमि पहिल्याउन वा वैयक्तिक भिन्नताको यथार्थ जानकारी लिई त्यसअनुसार समूहीकरण गरेर विमातृभाषीलाई सामान्य स्तरसम्म ल्याउन र मातृभाषीलाई स्तरीकृत गर्दै जान मूल्याङ्कन जरुरी हुन्छ । पढाइमा रुचि जागरण गराउन, कक्षा सहभागिता बढाउन पनि मूल्याङ्कन आवश्यक छ । त्रुटिको विश्लेषण र व्यतिरेकी विश्लेषण समेतका लागि भाषामा मूल्याङ्कन गर्नु अनिवार्य हुन्छ । पठित पाठको गहन अध्ययन र सबलीकरणका निमित्त पनि मूल्याङ्कन गर्नुपर्छ । निर्णयात्मक मूल्याङ्कनको तयारीका निमित्त कक्षा स्तरीय वा विद्यालय स्तरीय प्रबन्ध गरी परीक्षा (लिखित, मौखिक) लिन सकिन्छ (ढकाल, २०७४) । जसबाट विद्यार्थीको पढ्ने बानी बस्छ अनि नतिजाको प्रकाशनले उनीहरूको पढाइलाई यथोचित पृष्ठपोषण प्राप्त हुन्छ । उत्तरपुस्तिका फिर्ता गरी उनीहरूलाई आवश्यक निर्देशन दिने वा टिप्पणी गर्ने कार्यबाट विद्यार्थी लाभान्वित हुन्छन् । सम्वन्धित विद्यार्थीको दृष्टि नपुगेका कुरामा उनीहरूलाई सचेत र सावधान गराउन मूल्याङ्कन आवश्यक हुन्छ । निर्माणात्मक प्रयोजनका निमित्त आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था हुनु पनि अनिवार्य हुन्छ । आन्तरिक मूल्याङ्कनको व्यवस्था भएका

अवस्थामा विद्यार्थी नियमित हुन्छन् र पढाइप्रति जागरुक पनि हुन्छन् । विद्यार्थीलाई अनुशासित बनाउने राम्रो उपाय मूल्याङ्कनलाई ठानिन्छ ।

**बहुभाषिक कक्षामा परीक्षण र मूल्याङ्कनका सिद्धान्तहरू**

विद्यार्थीको व्यहवारमा ल्याउन खोजिएको परिवर्तन के हो र त्यो कुन हदसम्म प्राप्त भयो वा भएन भनेर गरिने लेखाजोखा परीक्षण तथा मूल्याङ्कन हो । यो कार्य जटिल प्रकृतिको हुन्छ । यस्तो जटिल कार्यलाई केही हदसम्म सरल, सहज, व्यवस्थित र प्रभावकारी बनाउन सुझाइएका कुरालाई परीक्षण तथा मूल्याङ्कनका सिद्धान्त भनिन्छ । यस्ता सिद्धान्तहरू ढकाल (२०७४) का अनुसार यसप्रकार छन् :

**उद्देश्य अनुरूपता**

उद्देश्यअनुरूप मूल्याङ्कन हुनुपर्छ । भाषा शिक्षणको प्रयोजन/उद्देश्य पाठ्यक्रमले निश्चित गरेको हुन्छ, त्यसअनुरूप मूल्याङ्कन हुनुपर्छ । उद्देश्य र मूल्याङ्कनकाबीच सामञ्जस्य / सापेक्ष सम्बन्ध हुनुपर्छ । भाषा शिक्षण भाषिक सिपको शिक्षण हो त्यसकारण भाषिक सिपसँग सम्बन्धित मूल्याङ्कन हुनुपर्छ । भाषा शिक्षणमा विषयवस्तु साधन मात्र हुन्छन् । ती साधनका सहायताबाट भाषिक सिप विकास गर्ने उद्देश्य पाठ्यक्रमले राखेको हुन्छ भने उद्देश्य पुरा भए नभएको जान्न अपनाइने माध्यमले सिपको परीक्षण गर्न सक्नुपर्छ । उद्देश्य एकातिर मूल्याङ्कन अर्कातिर भई दुबैका बीचमा तालमेल मिलेन भने मूल्याङ्कनबाट समय, स्रोत र श्रमको बर्वादी मात्र हुन्छ । गन्तव्यको वस्तुपरक लेखाजोखा हुन सक्तैन । त्यसकारण परीक्षण र मूल्याङ्कन उद्देश्यअनुरूप हुनु जरुरी हुन्छ ।

**परीक्षणीय वस्तुको छनोट**

भाषा शिक्षण भाषिक सिपको प्राप्तिसँग सम्बन्धित भएको हुँदा सिप र विषयजन्य ज्ञानमध्ये कुनलाई कति महत्त्व दिने भन्ने कुरा यससँग सम्बन्धित छ । मूल्याङ्कन किन गर्ने भन्ने कुरामा मूल्याङ्कनकर्ता स्पष्ट भएपछि मात्र मूल्याङ्कन गर्नुपर्छ । मूल्याङ्कनको योजना बनाउँदा यो यो कुराको परीक्षण गर्ने भनेर परीक्षण सूची बनाउनुपर्छ । त्यस्तो सूची बनाउँदा पाठ्यक्रमका उद्देश्यसँग भिडाएर हेर्नु पनि जरुरी हुन्छ । शब्दोच्चारण, सस्वर / लयबद्ध वाचन, वर्णविन्यास क्षमता, अभिनयात्मक क्षमता, श्रुतिबोध, लिखित रचना अलग अलग भाषिक सिपसँग सम्बन्धित हुन्छन् । त्यसैले कुन कुन सिपको परीक्षण गर्ने भन्ने कुरामा स्पष्ट भई परीक्षण गर्नु जरुरी हुन्छ (अधिकारी, २०६९) । लिखित परीक्षा लिएर वर्णविन्यासका र लिखित रचनाको मापन हुन सक्छ तर संवाद, वक्तृता, वादविवादात्मक अभिव्यक्ति लिखित परीक्षाबाट जाँचिदैन । सस्वर / लयबद्ध पाठ गर्ने क्षमताका पहिचानका लागि पढ्न लगाउनु जरुरी हुन्छ । पाठ्य सामग्री उपलब्ध गराएर पढ्न लगाई पठन क्षमताको जाँच गर्नु अनिवार्य हुन्छ । मूल्याङ्कन भाषिक सिपसँग सम्बद्ध हुनुपर्छ तर त्यो पहिले परीक्षणीय सूची बनाएर मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

विद्यार्थीको पृष्ठभूमि जाँच्ने, खास भाषिक क्षमता जाँच्ने, खास समस्याप्रति उनीहरूको दृष्टिकोण बुझ्ने, विद्यार्थीको खास कमजोरी पहिल्याउने, मातृभाषी प्रयोग र इतर मातृभाषी प्रयोगका बीचको अन्तर जाँच्ने प्रयोजनका अलग अलग परीक्षणीय वस्तु हुन्छन् । त्यसकारण परीक्षणीय वस्तुमा स्पष्ट नभइन्जेल परीक्षण औचित्यपूर्ण हुँदैन ।

**भाषिक सिप र भाषातत्त्वको परीक्षण**

सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिक सिप हुन् भने भाषातत्त्वभित्र वर्णविन्यास, शब्द निर्माण, लेख्यचिह्न प्रयोग, सङ्गति, काल र पक्ष, भाव, वाच्य, धातु, कारक र विभक्ति, शब्दवर्ग, वाक्य संश्लेषण र विश्लेषण आदिलाई समेटिएको देखिन्छ । भाषातत्त्वलाई व्याकरण पनि भनिन्छ । व्याकरण भाषाभन्दा भिन्न विषय होइन । भाषाका आन्तरिक संरचनामा अन्तर्निहित विशेषता नियम र अपवादसमेत नै व्याकरण हो । त्यसकारण भाषा र व्याकरणलाई अलग विषय ठान्न उपयुक्त हुँदैन । विद्यार्थीका मौखिक लिखित अभिव्यक्ति भित्र रहेर भाषातत्त्वको परीक्षण गर्नु आवश्यक हुन्छ । भाषातत्त्व सैद्धान्तिक जानकारी हो । त्यस सिद्धान्तलाई भाषाको व्यवहारमा नियाल्नु युक्तिसङ्गत हुन्छ भन्ने मान्यता यससँग सम्बन्धित देखिन्छ । सिद्धान्त र व्यवहारलाई साथसाथै लिएर जाने दृष्टिकोणले यससंग नाता गाँसेको देखिन्छ । भाषिक सिप र भाषातत्त्वलाई अलग्याएर परीक्षण गर्न नसकिने होइन, सकिन्छ तर अलग्याएर परीक्षण गर्नु गराउनु भाषिक मूल्याङ्कनको सिद्धान्त प्रतिकूल हुने देखिन्छ, (लामिछाने, २०५७) । दुबै कुरालाई एउटै सम्पादनमा नियाल्दा भाषिक सिपको आड लाग्नु राम्रो हुन्छ । भाषातत्त्वको परीक्षणलाई विशेष महत्त्व दिदा परीक्षणले सैद्धान्तिक स्वरूप ग्रहण गर्न पुग्छ । भाषिक सिपहरू सैद्धान्तिक नभएर प्रायोगिक प्रकृतिका हुन्छन् भन्ने कुरालाई यहाँनेर सम्झनु जरुरी हुन्छ ।

**एक पटकमा एउटा कुराको परीक्षण**
भाषाका आन्तरिक संरचनाले देखाउन खोजेका सबै कुरालाई आधार मान्नु युक्ति सङ्गत नहुने कुरा यससँग सम्बन्धित छ । एउटै कुराबाट धेरै कुराको परीक्षण गर्न खोज्दा परीक्षण वैध वा विश्वसनीय नहुने सम्भावना हुन्छ । एक पटकमा एउटा कुरालाई मात्र परीक्षण गर्ने प्रयास गर्नु वाञ्छनीय देखिन्छ । भाषिक मूल्याङ्कनमा परीक्षणीय तत्त्वको निर्धारण भएपछि मात्र अन्य कारका सम्बन्धमा विचार गर्नु जरुरी हुन्छ ।

**परीक्षणीय वस्तु र मूल्याङ्कनका उपायका बीचको तालमेल**
भाषिक सिप र भाषातत्त्वको प्रकृति जस्तो छ, त्यसअनुसारका मूल्याङ्कनका साधन हुनुपर्छ । श्रुतिबोधको परीक्षणका लागि कुनै अंश सुनाएर (वक्ताद्वारा वा यान्त्रिक उपकरणद्वारा) मौखिक वा लिखित (विषयगत, वस्तुगत) उपाय अपनाउनु उपयुक्त हुन्छ । मौखिक अभिव्यक्ति क्षमताको परीक्षण संवाद, वादविवाद, वक्तृता, एकाङ्कीमा सरिक गराएर गर्नु जरुरी हुन्छ भने वाचन कलाको परीक्षण गर्न पाठ्यांशको सस्वर पाठ गराउनुपर्छ । लिखित परीक्षाबाट वाचकलाको मापन हुन सक्तैन । उद्देश्य र मूल्याङ्कनका साधन बीच तालमेल मिल्न नसक्दा परीक्षण वैध र विश्वसनीय हुन सक्दैन । शब्दोच्चारणको मापन लिखित अभिव्यक्तिवाट हुन सक्तैन । त्यस्तै मनोवादको मापक लिखित अभिव्यक्ति कुनै हालतमा पनि हुन सक्तैन । परीक्षण गर्न खोजिएका कुराको प्रकृति हेरी मूल्याङ्कनका उपायका चयनमा सावधान हुनुपर्छ ।

**योजनाबद्ध र नियोजित परीक्षण**
योजनाबद्ध ढङ्गले गरिएको कामको परिणाम अपेक्षानुकूल हुन्छ । योजना नबनाई गरिएका कामको राम्रो परिणाम हुन्छ भनेर भन्न सकिन्न । परीक्षण गर्ने कुरा र मूल्याङ्कनका उपायका बारेमा पूर्व तयारी हुनु जरुरी छ । यसका लागि विशिष्टीकरण तालिका बनाउनुपर्छ । भाषिक सिप विषयवस्तुजन्य ज्ञान वा धाराण अनि भाषातत्त्वका परीक्षणीय कुनै पनि कुराहरू नटुटून् र सबै क्षेत्र समेटियून् भन्नका लागि योजना बनाउन जरुरी छ । त्यो योजना भनेको विशिष्टीकरण तालिका हो । उक्त प्रयोजनका लागि विशिष्टीकरण तालिका हेर्न सकिन्छ ।

**नियमित र निरन्तर मूल्याङ्कन**
भाषाका प्रत्येक सिप हासिल गर्न गराउन, सिकिसकेका सिपलाई सबलीकरण तथा पृष्ठपोषित गर्न मूल्याङ्कनलाई नियमित र निरन्तर गरिरहनु जरुरी हुन्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीको क्षमता विकास गर्छ भने निर्णयात्मक मूल्याङ्कनले सिकिसकेका र सिक्न बाँकी रहेका कुराहरूको निर्णय गरी स्तर निरूपण गर्दछ । दुबै किसिमका मूल्याङ्कन भाषा शिक्षण तथा सिकाइका लागि अनिवार्य हुन्छन् ।

**विभिन्न मूल्याङ्कनका उपाय र साधन**
लिखित परीक्षा मात्र लिई मूल्याङ्कन गर्ने परम्परा तोडी मौखिक, लिखित (विषयगत र वस्तुगत) साधनका साथसाथै पर्यवेक्षण र प्रयोगात्मक परीक्षाजस्ता उपायलाई प्रयोग गरी विद्यार्थीको भाषिक सिप विषयवस्तु र व्याकरणका क्षमताको मापन गर्ने प्रयास गरिनु आवश्यक छ । एउटा माध्यमबाट सबै खाले परीक्षणीय विषयको मापन हुन नसक्ने कुरामा सचेत हुनु आवश्यक छ । मूल्याङ्कनका विविध उपायको प्रयोग व्यवहार गर्ने सोच विकसित हुनु जरुरी छ ।

**परिणामको अध्ययन, व्याख्या, विश्लेषण र त्यसको उपयोग**
जाँच लिने तर त्यस परिणामको अध्ययन विश्लेषण नगरी छोडनाले मूल्याङ्कनको औपचारिकतालाई मात्र सङ्केत गर्छ । परिणाम नतिजाको सचित विश्लेषण गरी शिक्षण सिकाइमा प्रयोग उपयोग गर्न सकियो भने पठनपाठन फलदायी हुनसक्ने देखिन्छ ।

**बहुभाषिक कक्षामा प्रयोग गरिने परीक्षण तथा मूल्याङ्कनका उपाय र साधन मूल्याङ्कनका उपायहरू**
विद्यार्थीको भाषिक सिप, भाषातत्त्व र विषयजन्य ज्ञानको वस्तुपरक लेखाजोखा गर्नका लागि मूल्याङ्कनका विभिन्न उपायहरू अपनाउन सकिन्छ । ती उपायहरू यसप्रकार छन्

१. लिखित परीक्षा २. मौखिक परीक्षा ३. पर्यवेक्षण ४. प्रयोगात्मक परीक्षा

परीक्षणीय सिप तथा धाराणको प्रकृतिअनुसार उक्त उपायहरू/युक्तिहरू उपयोगमा ल्याउनु जरुरी हुन्छ । भाषा शिक्षणको मूल प्रयोजन भाषिक सिपको प्राप्ति नै हो । भाषातत्त्वको ज्ञान र विषयवस्तुको ज्ञानसँग पनि भाषिक मूल्याङ्कन सम्बन्धित छ तर भाषिक सिप हासिल गर्ने कुरासँग भने यसको अभिन्न सम्बन्ध हुन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिपहरूको वस्तुपरक लेखाजोखा गर्न कुनै एउटा मात्र उपाय अवलम्बन गर्नु उपयुक्त हुँदैन । तसर्थ हरेकको चर्चा यस प्रसङ्गमा गर्ने प्रयास गरिन्छ ।

लिखित परीक्षाः श्रुतिबोध र पठनबोध क्षमताको वास्तविक लेखाजोखा गर्न प्रयोग गरिने यो उपाय अत्यधिक रूपमा प्रयोग प्रचलनमा आइरहेको छ । समय, श्रम र स्रोतको सीमित उपयोगबाट परीक्षण गर्न र अभिलेख राख्न सजिलो यस उपायलाई पठनपाठनको अभिन्न अङ्ग ठानिन्छ । सीमित समयमा एकैपटक हजारौंलाई परीक्षामा सामेल गर्न, सामेल हुनेहरूको उत्तरपुस्तिका सङ्कलन, प्रेषण, परीक्षण, सुरक्षण आदिमा सहजता हुने हुँदा अत्यधिक रूपमा यसको प्रयोग व्यवहार भइरहेको छ (ढकाल, २०७४) । लिखितपरीक्षाबाट देहायका कुराहरू परीक्षण गर्न सकिने अवस्था हुन्छ : (क) शब्द प्रयोगगत उपयुक्तता (ख) वाक्य रचनागत उपयुक्तता (ग) विचार प्रकटीकरणमा क्रमवद्धता र अनुच्छेद गठन (घ) विषयवस्तुको प्रासङ्गिकता (ङ) वर्णविन्यास, चिह्न प्रयोग, किनारा छोडाइ, सफाइ, अक्षरको बान्की आदि । कथ्य भाषा र लेख्य भाषाका आ-आफ्नै स्वरूप छन् । लिपिवद्ध गर्दा एक ढङ्गले गरिएको विषयवस्तु आखर (उच्चारण) गर्दा अर्कै ढङ्गले गरिन्छ, गरिनु जरुरी हुन्छ । लिखित परीक्षावाट विचारको प्रकटीकरणको लिपिवद्ध स्वरूपको मात्र लेखाजोखा हुन सक्ने देखिन्छ । लिखित परीक्षामा विभिन्न साधनहरूको उपयोग हुन सक्छ । ती साधनहरू परीक्षणीय वस्तुसँग सम्बन्धित हुन्छन् ।

मौखिक परीक्षाः मौखिक अभिव्यक्ति क्षमताको लेखाजोखा अन्य उपायवाट समभव हुँदैन । संवाद, वादविवाद, एकाङ्कीमा सामेल गराएर विद्यार्थीको विषयवस्तु प्रस्तुतीकरणमा भाषिक र भाषेतर गतिविधिको यथार्थ अवस्थाको जानकारी लिन सकिन्छ । अभिव्यक्ति र मौखिक अभिव्यक्तिमा पर्याप्त भिन्नता हुने भएको हुँदा मौखिक उपायद्वारा बोलीमा भएको हसजता, स्वाभाविकता, प्रवाहमयता, स्पष्टता, शुद्धताका साथै वाक्य गठनगत क्षमता समेतलाई आधार बनाएर मौखिक परीक्षा लिनु वाञ्छनीय हुन्छ (अधिकारी, २०६९) । अन्तर्वार्ता पनि मौखिक अभिव्यक्ति क्षमताको मापन गर्ने भरपर्दो उपाय हो । अर्काका कुरा सुन्ने धैर्य, हार्दिकता, समर्थन गर्ने वा विरोध गर्ने तरिका शिष्टाचार र मैत्री आदिको परीक्षण गर्न संवाद र एकाङ्कीको अभिनयात्मक प्रस्तुति आवश्यक हुन्छ भने तार्किक शक्तिको लेखाजोखा गर्न पक्षको मण्डन र विपक्षको खण्डन गर्ने विषय तोकी मूल्याङ्कन गर्न गराउन जरुरी हुन्छ । यस्ता विशिष्ट भाषिक क्षमताको वस्तुपरक मूल्याङ्कन मौखिक परीक्षाबाट मात्र सम्भव हुन्छ ।


पर्यवेक्षण /अवलोकन : भाषा शिक्षणमा मूल्याङ्कनलाई वस्तुपरक रूप दिन पर्यवेक्षणलाई भरपर्दो उपायका रूपमा लिइन्छ । अवलोकन औपचारिक (पूर्व नियोजित रूपमा थाहा दिएर) र अनौपचारिक (थाहा नदिई अप्रत्यक्ष ढङ्गबाट गरिने) प्रकृतिको हुन सक्छ । औपचारिक पर्यवेक्षणमा परीक्षार्थीले सचेत र सावधान भई आफ्नो वास्तविक भाषिक र भाषेतर व्यवहार गर्न सक्छ । अनौपचारिक रूपमा गरिएका पर्यवेक्षणले परीक्षार्थीको वास्तविक अवस्था ठम्याउने भरपर्दो आधार दिन सक्छ । भावनात्मक अवस्था ठम्याउन काम दिएर वा कुराकानी, संवाद, वादविवादमा सरिक गराएर, सामुन्ने बसेर वा अप्रत्यक्ष रूपमा गरिने मूल्याङ्कनबाट परीक्षार्थीको यथार्थ मूल्याङ्कन हुनसक्छ (लामिछाने, २०५७) । शिक्षकको उपस्थितिमा साँचिलो भएर गरेजस्तो गर्ने विद्यार्थी शिक्षकको अनुपस्थितिमा अराएको काम गर्नेहरूलाई भड्काउने पनि हुन सक्छ । यी र यस्तै कुरा जान्न पर्यवेक्षणलाई पूरक उपायका रूपमा लिनु आवश्यक हुन्छ । बोलाइ ध्वन्यात्मक उपकरणबाट (टेलिफोन, रेडियो, टेपरिकर्डर, ग्रामोफोन) बाट पनि सुनिन्छ तर पर्यवेक्षणमा उसको आनीबानी, भाषिक र भाषेतर व्यवहारको परिचय प्रत्यक्ष रूपमा पाउन सकिदैन । पर्यवेक्षणबाट प्राप्त सूचनाहरूलाई सहज ढङ्गले अभिलेख राख्न जाँच सूची र श्रेणी मापनलाई आधार बनाउनु वाञ्छनीय हुने देखिन्छ ।

प्रयोगात्मक परीक्षा : भाषा आदत वा बानी हो । यसलाई भाषिक व्यवहार पनि भनिन्छ भने भाषिक व्यवहारको परीक्षण गर्न प्रयोगात्मक परीक्षा हुनु जरुरी देखिन्छ । सुनाइ सिप वा दक्षता जाँच्न दृष्टांश, अदृष्टांश, मौखिक वा यान्त्रिक उपकरणबाट सुनाएर प्रस्तुत अंशमा आधारित भई भाषिक सिप, भाषातत्त्व र भाषेतर पक्षको प्रयोगात्मक परीक्षा लिन सकिन्छ । यस्तो प्रयोगात्मक परीक्षामा लिखित वा मोखिक उपायहरू पनि संलग्न हुन सक्छन् । बोलाइको प्रयोगात्मक परीक्षाका लागि लिपिपबद्ध गरिएका संवादमा भूमिका निर्वाह गराउन सकिन्छ भने विषय तोकेर स्वतन्त्र ढङ्गले दुई वा दुईभन्दा बढी सहभागीका बीचमा संवाद गराउन पनि सकिन्छ (लामिछाने, २०५७) । पढाइ सस्वर र मौन दुइखाले हुन्छन् । लिपिबद्ध गरिएका विषयलाई शुद्ध र स्पष्टसँग गति यति मिलाई मौखिक भाषाका विशेषतालाई आत्मसात् गर्दै सस्वर पढ्ने क्षमता विकसित भए/नभएको ठम्याउन गद्य / पद्यको सस्वर पाठ गर्न लगाउनु आवश्यक हुन्छ । दृष्टांश वा अदृष्टांश पढेर बुझ्न सक्ने क्षमता मापन गर्न लिखित वा मौखिक उपायलाई अपनाउन सकिने अवस्था हुन्छ । त्यस्तै लेखाइ क्षमताको यथार्थतालाई बुझ्न लेखाइमा अवलम्बन हुने वर्णविन्यासीय परम्परा, सरसफाइ, वाक्यगठन, किनारा छोडाइ, विषयवस्तु प्रस्तुतिमा क्रमबद्धता आदि जाँच्न अन्य उपाय उपयोगी र

उद्देश्यमूलक नहुने देखिन्छन् त्यसकारण लेख्नै लगाउनु जरुरी हुन्छ । तसर्थ सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई प्रयोगात्मक परीक्षाद्वारा मापन गर्नुपर्छ । समय, स्रोत र श्रम बढी लाग्ने बहानामा यसको महत्त्वलाई उपयोग गर्न नसक्नु हाम्रो कमजोरी ठहर्छ । त्यस कारण यसको उपयोग गर्नेतर्फ सचेष्ट रहनुपर्छ ।

**मूल्याङ्कनका साधनहरु**

भाषा शिक्षणमा निर्माणात्मक (अभ्यासात्मक) र निर्णयात्मक प्रयोजन पूर्तिका निमित्त विभिन्न साधनहरू उपयोगमा ल्याउन सकिन्छ । मूल्याङ्कनका यी साधनहरूका आआफ्नै प्रकृति र प्रयोजन देखिन्छन् । हरेकको निर्माण र प्रयोगलाई उद्देश्यमूलक बनाउन तिनीहरूको संरचना र अभीष्टसँग परिचित हुनु जरुरी हुने हुँदा यहाँ तिनीहरूको अर्थात् खनाल र अन्य (२०७५) का अनुसार निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




यसरी बहुभाषिक कक्षामा परीक्षणका लागि विभिन्न उपाय र साधनहरूको प्रयोग गर्न सकिन्छ । तर यस्ता युक्ति तथा साधनहरू कक्षाकोठामा प्रयोग गर्दा भने शिक्षकले सावधानी अपनाउनै पर्छ । विशेषतः यस्ता साधनहरू बहुभाषिक विद्यार्थीका लागि रोचक, आकर्षक, स्पष्ट र उमेर सुहाउँदिला हुनुपर्दछ । परीक्षणका साधन एकभन्दा बढी भाषामा राम्रोसँग निर्माण गर्नु पर्दछ र परीक्षा पनि आवश्यकताअनुसार दवै भाषामा वा पालैपालो सञ्चालन गर्नुपर्दछ (शर्मा र पौडेल, २०६७ । त्यस्तै मूल्याइकन प्रक्रियालाई व्यवस्थित गर्न परीक्षणका साधनमा लचकता अपनाउने, बहुवैकल्पिक, जोडा मिलाउने, ठिक बेठिक, खाली ठाउँ भर्ने, क्लोज र सी प्रश्न तथा लामा र छोटा प्रश्नहरू प्रश्नपत्रमा समावेश गर्नुपर्दछ । कक्षाका सम्पूर्ण विद्यार्थीलाई ध्यानमा राखी औसत किसिमका प्रश्नहरू सोध्ने, प्रश्नहरू स्पष्ट, विश्वसनीय र वस्तुपरक बनाउने आदि कार्यहरू पनि बहुभाषिक कक्षाको परीक्षणमा मननीय हुन्छन् ।

**बहुभाषिक कक्षामा परीक्षण तथा मूल्याङ्कन प्रक्रिया**

बहुभाषिक कक्षामा विद्यार्थीको स्वर र योग्यता अनुसार फरक फरक विधि र प्रविधि प्रयोग गरेर परीक्षण तथा मूल्याइकन गर्नु पर्दछ । एउटै विधि र प्रविधिको प्रयोगले विभिन्न भाषिक क्षमता भएका विद्यार्थीलाई समेट्न नसक्ने कुरालाई मध्यनजर गरी परीक्षण सञ्चालन गर्न पर्दछ । परीक्षणका क्रममा विद्यार्थीहरूले सिकिरहेको र सिक्दै गरेको भाषाको प्रकृति पनि ध्यान दिनु पर्दछ, (ढकाल र खतिवडा, २०७३) । यदि विद्यार्थीले पहिले सिकेको भाषा र पछि सिकेको भाषाको प्रकृति मिलेको खण्डमा त्यस्तो अवस्थामा भाषा सिकाइ सरल हुन सक्छ, तर पहिले सिकेको र पछि सिक्दै गरेको भाषाको प्रकृति फरक परेमा त्यहाँ भाषा सिकाइमा जटिलता उत्पन्न हुनसक्छ । तसर्थ भाषा सिकाइको यो पक्षलाई ध्यानमा राखेर परीक्षण र मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नु आवश्यक हुन्छ ।

कक्षाकोठमा रहेका बहुभाषी विद्यार्थीका सबै भाषालाई परीक्षणमा समावेश गर्न कठिनाइ हुनसक्छ तसर्थ परीक्षणका लागि बढीमा दुईवटा भाषा (एउटा नेपाली र अर्को बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा) चयन गर्नु उपयुक्त हुनसक्छ । कक्षाकोठामा प्रयोग गरिने यिनै मुख्य दुईवटा भाषामै परीक्षणका साधनहरू निर्माण गरी भाषिक परीक्षण सम्पन्न गरिन पर्ने हुन्छ । यसतर्फ पनि भाषा शिक्षकहरू सचेत हुनु पर्ने देखिन्छ । परीक्षणका क्रममा तल्ला कक्षामा सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता आधारभूत सिपमा र माथिल्ला कक्षामा सिर्जनात्मकता, मौलिकता, समालोचनात्मकता, उच्च बौद्धिकता र तार्किकताजस्ता कुराहरूलाई ध्यान दिनुपर्ने हुन्छ (अधिकारी, २०६९) । त्यसैगरी बहुभाषिक कक्षामा भाषिक परीक्षण र मूल्याङ्कन गर्दा विद्यार्थीको उमेर, स्तर, तह आदिलाई ध्यान पनि पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ ।

**बहुभाषिक कक्षाको परीक्षण तथा मूल्याङ्कनमा शिक्षकको भूमिका**

बहुभाषिक कक्षामा परीक्षण तथा मूल्याङ्कन सञ्चालन गर्न शिक्षकको मुख्य भूमिका रहन्छ । शिक्षकले कक्षाका सम्पूर्ण विद्यार्थीलाई समेट्न उत्तरपुस्तिका परीक्षणका क्रममा लचकता अपनाउने, जस्तै : सुधारेर अङ्क दिने, गल्ती निर्देश गरेर अङ्क दिने, ग्रेस अङ्क प्रदान गर्ने आदि कार्य गर्नुपर्ने हुन्छ (ढकाल, २०७४) । बहुभाषी विद्यार्थीको सिकाइ उपलब्धि बढाउन गैरमौद्रिक (स्यावासी, होसला, प्रेरणा आदि) र मौद्रिक (पैसा, किताबकापी, भौतिक सामान आदि) पुरस्कार प्रदान गर्ने कार्य पनि गर्नुपर्ने हुनसक्छ । त्यसै परीक्षण र मूल्याङ्कनलाई व्यवस्थित बनाउन विद्यार्थीका कक्षाकार्य, गृहकार्य, परीक्षाका उत्तरपुस्तिका आदिलाई समेटी पोर्टफोलियो निर्माण गर्ने र त्यसलाई भाषा किसाइका क्रममा उपयोग गर्ने कार्य पनि आवश्यक हुन्छ । यसका लागि पनि भाषा शिक्षकको मुख्य भूमिका रहने देखिन्छ । त्यस्तै भाषा शिक्षकले परीक्षणमा कमजोर देखिएका विद्यार्थीलाई निराकरणमूलक, प्रोत्साहनमूलक र सबलीकरणयुक्त कार्यहरू गरेर पुनः परीक्षणका लागि तयार गर्नु पर्ने भूमिका पनि निभाउनुपर्छ । यसरी शिक्षकले निरनतर प्रेरणा, हौसला, मार्गदर्शन र परामर्श सेवा प्रदान गरी बहुभाषिक कक्षाका विद्यार्थीहरूको उपलब्धि स्तर बढाउन सक्ने देखिन्छ ।

**निष्कर्ष**

एकभन्दा बढी भाषाभाषी विद्यार्थी भएको कक्षा बहुभाषिक कक्षा हो । नेपाली समाजको भाषिक विविधतालाई सम्बोधन गर्नका लागि बहुभाषिक कक्षा शिक्षणको आवश्यकता परेको हो । बहुभाषिक कक्षामा भाषिक परीक्षण तथा मूल्याङ्कन सम्पन्न गर्नका लागि पाठ्यक्रमका उद्देश्य, परीक्षणीय विषय, भाषिक सिपको छनोट, भाषिक एकनिष्ठता, योजनाबद्ध परीक्षण, विश्वसनीयता र वैधता आदि कारमा ध्यान दिनुपर्ने हुन्छ । बहुभाषिक कक्षामा परीक्षण तथा मूल्याङ्कन सम्पन्न गर्नका लागि लिखित, मौखिक, अवलोकन तथा प्रयोगात्मक आदि युक्तिहरूको प्रयोग गर्नु आवश्यक हुन्छ । त्यस्तैगरी लिखित रूपमा परीक्षण सञ्चालन गर्नका लागि पनि विषयगत, वस्तुगत आदि सबै प्रकृतिका प्रश्नहरूको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । बहुभाषिक कक्षामा परीक्षण कार्य सञ्चालन अत्यन्त जटिल प्रकृतिको हुने हुनाले भाषा शिक्षकहरू यसप्रति सचेत हुनै पर्दछ । विशेषतः शिक्षकले परीक्षण र मूल्याङ्कनलाई व्यवस्थित बनाउन विद्यार्थीका कक्षाकार्य, गृहकार्य, परीक्षाका उत्तरपुस्तिका आदिलाई समेटी पोर्टफोलियो निर्माण गर्ने र त्यसलाई भाषा सिकाइका क्रममा उपयोग गर्ने कार्य गर्नुपर्दछ । त्यस्तै परीक्षणमा कमजोर देखिएका विद्यार्थीलाई निराकरणमूलक, प्रोत्साहनमूलक र सबलीकरणयुक्त कार्यहरू गरेर पुनः परीक्षणका लागि तयार गर्नु पर्ने भूमिका पनि निभाउनुपर्छ । यसरी शिक्षकले निरन्तर प्रेरणा, हौसला, मार्गदर्शन र परामर्श-सेवा प्रदान गरी बहुभाषिक कक्षाका विद्यार्थीहरूको उपलब्धि स्तर बढाउन सक्ने देखिन्छ ।

**सन्दर्भ-सामग्री**

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

खनाल, पेशल र अन्य (२०७५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७),*नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०५७), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।